## आमचोक गाउँपालिका, बालंखा, भोजपुरद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७  संख्याः १

गाउँसभाले स्वीकृत मितिः २०८०/०३/२७

## भाग – १

## आमचोक गाउँपालिका

# आमचोक गाउँपालिकाको खानेपानी ऐन २०८०

प्रमाणीकरण गर्ने

अशोक राई

अध्यक्ष

प्रमाणीकरण मितिः २०८०/०३/२७

# आमचोक गाउपालिकाको खानेपानी ऐन, २०८०

**प्रस्तावनाः**

आमचोक गाउँपालिकाको जनताको स्वास्थ्य र सुविधा कायम राखी स्वच्छ र गुणस्तरीय पानी खान पाउने जनताको अधिकारलाई सुनिश्चित गर्न "एक घर एक धारा" नीति अनुरुप पानीको प्राकृतिक स्रोतको संरक्षण गरी जनतालाई दीगो रुपमा स्वच्छ र गुणस्तरीय खानेपानी परिपूर्ति गर्न तथा खानेपानी प्रणालीको मर्मत संभार, सरसफाई र संचालनलाई सार्वजनिक निजी साझेदारी अबधारणा अन्तर्गत संस्थागत बनाई संचालन गर्नका लागि कानूनी व्यवस्था गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आमचोक गाउपालिको चौधौं गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संछिप्त नाम बिस्तार र प्रारम्भः**- (१) यो ऐनको नाम आमचोक गाउँपालिकाको खानेपानी ऐन, २०८० रहेको छ ।

(२) यो ऐन आमचोक गाउपालिका भर लागू हुने छ छिमेकी गाउपालिकामा आवश्यकता अनुसारसहकारिता, सह-अस्तित्व र समन्वयका आधारमा विस्तार गर्न सकिने छ ।

(३) यो ऐन गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुने छ ।

**२. परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क)"अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ

(ख) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ।

(ग) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(घ) "खानेपानी संस्था" भन्नाले यस ऐन बमोजिम गठन भएको खानेपानी तथा सर सफाई र मर्मत संभार तथा संचालन गर्न स्थापित भएको खानेपानी संस्था सम्झनु पर्दछ ।

(ङ) "खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँदछ

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छना सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले तोकिएको मापदण्ड अनुरुप खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ।

(ञ) गाउँपालिका भन्नाले “आमचोक गाउपालिका जनाउँछ ।

(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) " तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ड) “पानीको स्रोत” भन्नाले नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ

(ढ) “ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ण) व्यवस्थापन समिति भन्नाले “यस ऐन बमोजिम खाने ब्यवस्थापन समिति सम्झनु पदर्छ।

(त) “फोहोरपानी” भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(थ) "संगठित संस्था” भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(द) "सरसफाई सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(ध) "स्वच्छता” भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँदछ ।

(न) सार्वजनिक निजी साझेदारी भन्नाले” गाउपालिका र लगानीकर्ता वीच श्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वधार संरचना निर्माण संचालन पुनः स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न यस ऐन बमोजिम मर्मत संभार तथा संचालनबाट एक घर एक धारा नीति कार्यान्वयन गर्ने प्रवन्ध संझनुपर्छ ।

(प) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(फ) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छतासम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ।

(ब) “सेवा क्षेत्र” भन्नाले खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

(भ) "मन्त्रालय" भन्नाले संघीय सरकारको संघीय मन्त्रालय वा प्रादेशिक मन्त्रालय सम्झनु पर्दछ ।

## परिच्छेद- २

## खानेपानी प्रणाली र “एक घर एक धारा” सम्बन्धी व्यवस्थाः-

**३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार :** (१) गाउँपालिकामा रहेका प्रत्येक घरलाई विना भेदभाव स्वच्छ, सुरक्षित खानेपानीको एक घर एक धारा सहज र सुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानीको अधिकार अन्तर्गत गाउँपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ

(क) सुरक्षितरुपमा एक घर एक धारा खानेपानी सहज र सुलभ रुपमा प्राप्त गर्ने अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार,

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्धन परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिका र यस ऐन बमोजिम स्थापना भएको खानेपानी संस्थाको हुनेछ र यसका लागि गाउँपालिका र खानेपानी संस्थाले संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

(४) गाउँपालिका तथा खानेपानी संस्थाले आपूर्ति गर्ने खानेपानीको सुविधाको स्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरको लागि उपभोक्ता छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ।

**४. खानेपानीका स्रोतमाथिको अधिकार :** (१) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिने छ।

(२) घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै खानेपानी संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(४) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(५) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा गाउपालिकाको समन्वयमा खानेपानी संस्थाको सहमति लिनु पर्नेछ ।

(६) कुनै विकास परियोजना वा आयोजनाका कारण खानेपानी संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा कुनै क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित खानेपानी संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणालीको मर्मत सम्भार गर्नु पर्नेछ ।

(७) गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्था वा निकायलाई अनुमतिपत्र दिनुपूर्व गाउँपालिका तथा खानेपानी संस्थासंग समन्वय गरी गर्नु पर्नेछ ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षण:** (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि  गाउँपालिका र खानेपानी संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

(क)खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी मिश्रित भएर आउने खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ख) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने ।

(ग)खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(घ) पानीको मुहान सुक्न नदिन मुहानको शीरमा पानीको ताल निर्माण गर्ने ।

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(च) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने

(छ) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(ज) पानीको श्रोत सुक्न नदिन श्रोत परिसरमा वस्ती बिकास गर्न नदिई श्रोत वरीपरि रुख रोपी हरियाली कायम गर्नु पर्नेछ ।

(झ) कसैले गाउपालिका र खानेपानी संस्थाको अनुमति बिना पानीको स्रोत वा मुहानबाट पानी  बाहिर लैजान पाउने छैन। कुनै कारणबस  पानी लैजानु परेमा गाउपालिकाले शर्त तोक्न सक्ने छ।

(३) खानेपानी संस्थाले अन्य छिमेकी पालिकाको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याउदा त्यस्तो क्षेत्रको खानपानीको मूहान तथा स्रोत संरक्षणका लागि  सम्बन्धित पालिकासँग कानुन बमोजिम दुईपक्षिय वा बहुपक्षिय संम्झौता गर्न सक्नेछ । तर, पानीको मुहान सदुपयोग गर्दा  न्युनतम विस प्रतिशत पानी मुहान क्षेत्रमा छोडेर मात्र पानी ल्याउने वा लैजान पाईने छ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन ।

**६.भूमिगत पानीको उपयोगः**-(१) भूमिगत पानी उपलब्ध हुने अवस्थामा सो को उपयोगका लागि संघीय सरकारले बनाएको मापदण्डलाई आधार मानी गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन् ।

**७.   खानेपानी तथा सरसफाइ प्रणाली :-** (१) गाउँपालिका भित्र खानेपानी संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) भौगोलिक जटिलता, बढी लागत तथा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष जनशक्तिको आवश्यकता पर्ने भई गाउँपालिका र खानेपानी संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिले संघीय सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न सक्नेछ ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा खानेपानी संस्थाले आफै निर्माण गर्नुपर्नेछ र खानेपानी संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका र सहलगानीका बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिष्पर्धाका आधारमा निर्माण व्यवसायी छनौट गर्न सकिनेछ ।

(४) गाउँपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग समेत समन्वय गरी आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(५) खानेपानी संस्थाले गाउँपालिका सहित अन्य पालिकाको क्षेत्रमा समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्ति गरेको रहेछ भने खानेपानी संस्थालाई सम्बन्धित सबै पालिकाबाट सहयोग गर्न सकिने छ ।

(६) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाउनेछ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक हितका लागि खानेपानी आपूर्ति गर्ने खानेपानी संस्थाले पनि उपयोग गर्न सक्नेछ । निजी जग्गाको पानीको स्रोतलाई उपयोग गर्दा सम्वन्धित जगा धनीबाट जग्गै  खरिद गरी वा मुहान मात्र खरिद वा  लिज वा अन्य शर्तमा लिइ व्यवसायिक प्रयोजनाका लागि खानेपानी संस्थाले उपयोग गर्न सकिनेछ । यसरी निजी जग्गामा रहेको श्रोतलाई उपयोग गर्दा उक्त श्रोतको उपयोग गरीरहेको जगा धनीलाई आवश्यक मात्राको पानी व्यवस्था गरेर मात्र उपयोग गर्नु पर्नेछ ।

(७) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधीका लागि उपभोक्तालाई ट्याङ्कर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(८) खानेपानी  संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको आधारभूत जानकारीहरु (पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासा सुनुवाई संयन्त्र आदि) बारे सूचनापाटी तयार गरी सार्वजनिक स्थलमा राख्नुपर्नेछ । साथै उक्त तथ्याङ्क राष्ट्रिय खानेपानी तथा सरसफाइ सूचना व्यवस्थापन प्रणालीमा (NWASH MIS) समेत तोकिए बमोजिम समावेश तथा अद्यवधिक गर्नु पर्नेछ ।

**<u>८. खानेपानी आयोजना र संरचनाको हस्तान्तण:</u>** (१) गाउँपालिकामा संघियसरकार, प्रदेश सरकार र पालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरुको दिगो सञ्चालन व्यवस्थापनका लागि खानेपानी संस्थालाई  मरमत संभार तथा सञ्चालन  सम्बन्धि व्यवस्थापन सम्झौता गरी हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भई गाउँपालिकालाई हस्तान्तरण गरिएका आयोजना र सोको संरचनाहरु पनि खानेपानी संस्थालाई सञ्चालन तथा व्यवस्थापन सम्झौता गरी हस्तान्तरण गर्न सकिने छ ।

(३) अन्य स्थानीय तहलाई खानेपानी मुहान दिदा यस गाउँपालिकाको सहमति लिनु पर्ने छ।

(४) आयोजना हस्तान्तरण गर्दा आयोजनाको दिगोपन तथा खानेपानी तथा सरसफाइ सेवाको निरन्तरताको सुनिश्चितताका लागि सञ्चालन व्यवस्थापन शर्त, सेवा प्रदायक संस्थाको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा कार्य सम्पादन सूचकहरु उल्लेख गरि सञ्चालन व्यवस्थापन संझौता गरिनेछ ।

## परिच्छेद-३

## खानेपानी संचालक समिति सम्वन्धी व्यवस्थाः

**९. संचालक समितिको गठनः-** (१) गाउपालिकाको एक घर एक धारा नीतिको उद्देश्य प्राप्तीको लागि खानेपानी सुव्यवस्थित रुपले संचालन गर्न सार्बजनिक निजि साझेदारी अबधारणा अनुरुप परिच्छेद चार बमोजिम स्थापना भएको खानेपानी संस्थाको काम कारवाहीको रेख देख अनुगमन निरीक्षण तथा गाउपालिकालाई सल्लाह सुझाब र परामर्श गर्न गाउँपालिका भित्र एक खानेपानी संचालक समिति गठन हुने छ ।

(२) संचालक समितिमा देहायका सदस्यहरु रहनेछनः-

(क) गाउपालिकाको अध्यक्ष वा अध्यक्षको सिफारिसमा कार्यपालिकावाट मनोनित खानेपानी सम्बन्धी अनुभब प्राप्त व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिकाको वडा सदस्यहरु मध्येबाट कार्यपालिकाले छनौट गरेको १ महिला सहित २ जना-सदस्य

(ग) शेयर सदस्यहरु मध्येबाट कार्यपालिकाले मनोनयन गरेको एक महिला, एक सलित सहित ५ जना -सदस्य

(घ) सञ्चालक समितिले तोकेको दलित समुदायको एक पुरुष र एक महिला सहित २ जना -सदस्य

(ङ) गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(च) पुर्वाधार विकास समितिको संयोजक -सदस्य

(छ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ज) आर्थिक विकास समितिको संयोजक -सदस्य

(झ) खानेपानी उपभोक्ता संस्थाको प्रवन्ध निर्देशक -सदस्य सचिव

समितिको बैठकमा आबस्यक्ता अनुसार खानेपानी बिज्ञ र अन्य संस्थाको प्रतिनिधी वा ब्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमका सदस्यहरुको पदावधि निर्वाचन मनोनयन वा नियुक्ति मितिले ३ बर्षको हुने छ ।

(४) पदेन सदस्यवाहेक अन्य सदस्यको पद देहायको अवस्थामा रिक्त भएको मानिने छः-

(क) निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) निज साहुको दामासाहीमा परेमा,

(ङ) निज नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(च) निज विना सूचना लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा।

**१०. रिक्त स्थानको पूर्तिः-** समितिका पदाधिकारीहरुको पद कुनै कारणबाट रिक्त हुन आएमा वाँकी अवधिको लागि जुन तरिकाबाट पदपूर्ति भएको हो सोही तरिकाबाट रिक्त पदको पूर्ति गरिने छ।

**११. संचालक समितिको वैठक र निर्णयः-** (१) समितिको वैठक वर्षको ६ पटक बस्नेछ । दुई बैठक बीचको फरक तीन महिना भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका पच्चिस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिन भित्र समितिको वैठक वोलाउनु पर्ने छ ।

(३) उपदफा (१) मा लेखिएदेखि वाहेक अन्य कुराहरु गाउ कार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधि बमोजिम हुने छ

**१२. सदस्यको भत्ता तथा सुविधाः-** समितिका सदस्यले बैठकमा भाग लिए वापतको भत्ता तथा अन्य सुविधा प्रचलित कानूनको अधिनमा रही तोकिए बमोजिम हुने छ।

**१३. संचालक समितिको काम कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएका काम मकर्तव्य र अधिकारका अतिरिक्त संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-

(क) गाउँपालिकाको एक घर एक धारा नीतिलाई लागू गर्ने गराउने ।

(ख) खानेपानी सेवाको उपयोग सम्वन्धी नीति वनाई त्यस्तो नीति गाउपालिकाबाट स्वीकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(ग) खानेपानी स्रोतको पहिचान गरी प्राथमिकीकरण गर्ने ।

(घ) खाने पानीको वितरण तथा सर सफाई सम्वन्धमा आवश्यक अध्ययन अनुसन्धान, सर्वेक्षण गर्ने गराउने ।

(ङ) खानेपानी सेवा सन्वन्धी अल्पकालिन तथा दीर्घकालिन योजना तयार गरी कार्यान्वियन गर्ने गराउने ।

(च) खानेपानी सेवाको महसुल दर निर्धारण गर्ने गराउने ।

(छ) छिमेकी पालीकासँगकको समन्वय, सहकारिता र सह अस्तित्वको आधारमा सेवा प्राप्त गर्ने र विस्तार गर्ने ।

(ज) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीर मर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त उपचार दिने ।

(झ) गाउँपालिकाबाट समय समयमा खानेपानी सम्बन्धी भएका निर्णय आदेश कार्यान्वियन गर्ने गराउने ।

(ञ) तोकिए बमोजिम सेवा संचालनका लागि आवस्यक पर्ने अन्य कामहरु गर्ने ।

(ट) यस ऐन बमोजिम स्थापना भएको खानेपानी संस्थालाई आवश्यक पर्ने कर्मचारीको सेवा शर्त सुविधा सम्वन्धी नियमावली तर्जुमा गरी गाउपालिकामा पेश गर्ने ।

(ठ) खानेपानी संस्थाको प्रवन्धक नियुक्ति गर्न सिफारिश गर्ने

(ड) प्रत्येक ऊपभोक्ताको घरमा धारा जडान गर्न प्राबिधिक परिक्षण गराई आबस्यक रिजर्ब ट्याङ्की निर्माण, मेसिनरी, ऊपकरण पाइपलाइन खरिद गर्न र धारा जडान गर्न चाहिने बजेट ईस्टमेट गर्ने गराउने।

## परिच्छेद-४
## खानीपानी संस्था सम्बन्धी व्यवस्था

**१४. खानेपानी संस्थाको गठनः** (१) खानेपानीको दिगो व्यवस्थापन गर्न गाउपालिकाले सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी सार्बजनिक नीजि साझेदारी अबधारणा अनुरुप खानेपानी सेवा संचालन तथा मर्मत संभार गर्न एक खानेपानी संस्था गठन गर्ने छ।

(२) संस्थाको आफ्नो भवन निर्माण नभएसम्मको लागि गाउपालिकाले तोकेको स्थानमा संस्था संचालनको लागि भवन लिजमा लिई संचालन गर्न सक्नेछ र संस्था मुनाफामा गएपछि संस्थाको आफ्नो वा सार्वजनिक जग्गामा संस्थाले आफ्नो भवन निर्माण गर्न सक्नेछ ।

(३) उप दफा (१) अन्तरगत गाउपालिकाका हरेक वडामा खानेपानी तथा सरसफाइ उपभोक्ता समन्वय समिति पनि गठन गर्न सक्नेछ।

(४) दफा १४ बमोजिम गठन भएको खानेपानी संस्था कम्पनी रजिष्टारको कार्यालयमा कानुन बमोजिम दर्ता गरिनेछ ।

**१५. खानेपानी संस्था संगठीत संस्था हुनेः-**

(क) यस ऐन बमोजिम दर्ता भएको खानेपनी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(ख) संस्थाको आफ्नो एउटा छुट्टै छाप हुने छ ।

(ग) संस्थाले व्यक्ति सरह चल अचल संपती प्राप्त गर्न, उपभोग गर्न, वेच विखन गर्न वा अन्य किसिले वन्दोवस्त गर्न सक्ने छ ।

(घ) संस्थाले व्यक्ति सरह नालेस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालेस उजुर लाग्न सक्ने छ ।

(ङ) संस्थाले स्थाई लेखा नम्वर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ।

**१६. खानेपानी संस्थाको कोष:** (१) गाउपालिका भित्रका प्रत्येक घरधुरीमा खानेपानीको सहज आपुर्ति गर्न, सार्बजनिक निजी साझेदारी अबधारणा अनुरुप खानेपानीको पूर्वाधार तयार गर्न मर्मत संभार र संचालन गर्न, उपभोक्ता संस्थामा एक स्थायी कोष रहनेछ । सो कोषमा देहाय बमोजिमको रकम रहने छ;-

(क) गाउपालिकाले बिनियोजन गरेको एकाउन्न प्रतिशत शेयर रकम,

(ख) प्रत्येक घरधुरि, उपभोक्ता, शिक्षक कर्मचारी नागरिक समाजबाट उठेको उनन्चास प्रतिशत शेयर रकम,

(ग) उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवाशुल्क, गाउपालिका र बिभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम,

(घ) कानुन बमोजिम प्राप्त अन्य रकम,

(२) बैंकखाताः गाउँपालिका अन्तर्गत रहेको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकमा सार्वजनिक निजी साझेदारी बैंक खाता रहनेछ । खानेपानी संस्थाको प्रवन्धनिर्देशक र लेखा प्रमुखको हस्ताक्षरबाट खाता संचालन हुनेछ। लेखा कर्मचारी नभएको अबस्थामा संस्थाकोकुनै एक कर्मचारी बाट संचालन गर्न सकिने छ। तर त्यस्तो कर्मचारीले लेखाको तालिम लिएको हुनु पर्नेछ।

(३) खानेपानी संस्थाले लेखा परीक्षक नियुक्त गरि संस्थाको बार्षिक आय ब्ययको लेखा परीक्षण गराई संस्थाको बार्षिक साधारण सभाबाट पारित गराउनु पर्नेछ।

**१७. खानेपानी संस्थाको काम कर्तव्य र अधिकारः**

(१)पानीको श्रोत तथा मुहानको संरक्षण गर्ने ।

(२)पानीको श्रोतलाई प्रदुषण हुन नदिन आवश्यक व्यवस्था गर्ने र पानीको श्रोत नष्ट वा लोप हुनबाट बचाउने ।

(३)पानीको मुल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत संभार गर्ने ।

(४)पानीको संरक्षण, सम्वर्धन र समुचित उपयोग सम्वन्धमा उपभोक्ता वा नागरिक समाजका लागि सचेतना तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

(५)पानीको श्रोत प्रदुषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षण गर्न जैवीक खेती गर्न कृषकलाई प्रोत्साहित गर्ने ।

(६)खानेपानीको मूल वा बहाव क्षेत्र वा सो क्षेत्रका पानीमा प्रतिकुल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने ।

(७)खानेपानी श्रोत र मुहान सम्वन्धी अन्य कार्य गर्ने ।

(८)खानेपानी प्रणालीको नियमित मर्मत संभार र संचालन गर्ने ।

(९)नागरिकको प्रत्येक घरमा तोकीएको परिमाणमा स्वच्छ खानेपानी नियमित रुपमा उपलब्ध गराउने ।

(१०)खानेपानी तथा सरसफाइ आयोजनाको आबस्यकता अनुसार मर्मत संभार र पुनःस्थापना गर्ने।

(११)मासिक रुपमा खानेपानीको महसुल उठाउने ।

(१२)स्वच्छ र गुणस्तरीय सरसफाई सेवाको संचालन र व्यवस्थापन गर्ने ।

(१३)खाने पानी संस्थाले तोकिए बमोजिम बर्षमा एक पटक साधारण सभाको आयोजना गर्नु पर्नेछ। सोही साधारण सभाबाट लगानीकर्ता शेयर सदस्यहरुबाट पांच जाना छनौट हुनेछन।

१४)साधारण सभामा एकाउन्न प्रतिशत शेयर सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ

**१८. साधारण सभा सम्बन्धी व्यवस्थाः** (१) संस्थाको वर्षमा एक पटक साधारण सभा हुनेछ।

(२) साधारण सभाको मिति भन्दा ७ दिन अगाडी नै तोकी सम्पूर्ण शेयर सदस्य तथा सम्वन्धीत निकायहरुलाई सार्वजनीक सूचना निकाली जानकारी गराउनुपर्नेछ।

(३) शेयर सदस्यहरुको ५१% उपस्थीतिलाफ गणपयरक मानिनेछ।

(४) साधारण सभामा वार्षिक कार्ययोजना तथा वार्षिक वजेट पारित गराई गाउँ पालिकामा पेश गर्नु पर्ने छ।

(५) वार्षिक लेखा परिक्षण प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्नु पर्नेछ।

(६) विविध कारणले दफा ९ को उपदफा २ 'ग' अनुसार निर्वाचित पदाधिकारीहरुको पद रीक्त रहे साधारण सभाले निर्वाचन वा सर्वसहमतीको आधारमा पदपूर्ति गर्ने छ।

(७) साधारण सभामा गाउँपालिका को तर्फवाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, अनुगमन समिति उपस्थित रहनेछ।

**१९. निर्वाचन सम्बन्धी व्यवस्थाः** (१) साधारण सभाले एक निर्वाचन समिति गठन गर्नेछ। उक्त निर्वाचन समितिको कार्य अवधी एक वर्षक हुनेछ।

(२) निर्वाचन समितिले प्रत्यक वर्ष रीक्त रहेको पदहरुमा सर्वसहमती वा निर्वाचनको माध्यमवाट पदपूर्ति गर्नेछ।'

(३) निर्वाचन समितिले मतदाता नामावली प्रकाशन गर्नेछ।

(४) निर्वाचन समितिले अनुसूचि - १ अनुसार मनोनयन आवेदन फारम भराउनेछ।

(५) निर्वाचन समितिले निर्वाचन मिति तोकी निर्वाचनको माध्यमवाट कोटा अनुसार वढि मत प्राप्त गर्नेहरु मध्य वाट क्रमश निर्वाचित गराउनेछ।

(६) यो व्यवस्था दफा ९ को उपदफा २ 'ग' संग सम्बन्धीत रहनेछ।

(७) साधारण सभामा सर्वसहमत रुपमा चुनावी प्रतिश्पर्धा नगरी समिति गठन हुने अवस्थालाई मान्यता दिइनेछ।

## परिच्छेद-५

## सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था

**२०. सार्वजनिक निजी लगानीः** (१)एक घर एक धाराको निती अनुरुप खानेपानीको दिगो रुपमा परिपूर्ति गर्न देहाय बमोजिम लगानी गरिने छ ।

(क) पूर्वाधार निर्माण, मर्मत संभार, संचालन गर्न गाउपालिकाले परिच्छेद ४ बमोजिम स्थापना गरेको खानेपानी संस्था मार्फत गाउपालिकाको शेयर लगानी, विनियोजन गरेको अन्य रकम, प्रत्येक घर धुरी तथा नागरिक एवं अन्य लगानीकर्ताले खानेपानी संस्थाको कोषमा जम्मा गरेको रकमबाट खानेपानीको सहज आपूर्ति गर्न निर्माण मर्मत संभार तथा संचालन गर्न खानेपानी संस्थाबाट लगानी गरिनेछ ।

(ख) राष्ट्रिय तथा अन्तरराष्ट्रिय दातृसंघ संस्थाद्वारा दिइएको सहयोग, अनुदान समेत लाई निजीसाझेदारी नीति अन्तर्गत संघीय कानुन बमोजिम लगानी गरिने छ।

(२) नियमित रुपमा खानेपानी उपलब्ध गराउन नसकेमा अन्य वैकल्पीक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपभोक्तालाई उपलब्ध गराउनु पर्ने छ ।

(३)उपदफा (१) र (२ मा) जुनसुकै कुरा लेखिएको भएतापनि अत्यावश्यक खानेपानी तथा सरसफाइ मर्मत संभार गर्नका लागी वढी लागत वा विशिष्टिकृत प्राविधि क्षमता आवश्यक पर्ने, भौगोलिक जटिलता तथा जनशक्तिको अभाबको कारण आफूले सो कार्य

सम्पन्न गर्न नसक्ने भएमा सो सम्बन्धी प्रतिवेदन गाउपालिका समक्ष पेश गरी गाउपालिकाले प्रदेश सरकार तथा संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

**२१. शेयर लगानी सम्बन्धमाः** (१) आमचोक खानेपानी संस्था कार्यान्वयन गर्नका लागि सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत गाउँपालिकाको एकाउन्न प्रतिशत शेयर रहने र आवश्यकता अनुसार थप रकम विनियोजन गर्न सकिनेछ। उनन्पचास प्रतिसत शेयर सर्वसाधरण स्थानीय नागरिकहरुको लागी खुल्ला रहनेछ।

(२) स्थानीय नेपाली नागरिकलाई प्रति व्यक्ति रु. दश हजार देखि पाँच लाख रुपैंयासम्मको शेयर खरिद गर्ने सुविधा प्रदान गरिनेछ।

(३) कुनै पनि संस्था वा कम्पनी यस संस्थाको शेयर सदस्य बन्न सक्नेछ।

(४) कुनै नागरिकले उपदफा (२) बमोजिमको शेयर खरिद गर्दा आयश्रोत खुलाउनु पर्नेछ।

(५) प्रति एक शेयरको मूल्य १०० रहनेछ।

(६) संस्थाको शेयर मूल्यको मूल्याङ्कन हुनेछ।

**२२. शेयर विक्री तथा हस्तान्तरणः** (१) योजना संचालनमा आएपछि आमचोक खानेपानी संस्थाले लेखा परिक्षक नियुक्त गरी संस्थाको वार्षिक आय व्ययको लेखा परिक्षण गराई वार्षिक साधारण सभाबाट पारित गराउनु पर्नेछ।

(२) वार्षिक साधारण सभाबाट पारित भएको खुद मुनाफा मध्ये पच्चीस प्रतिशत गाउँपालिकालाई, पैतिस प्रतिशत संस्थागत विकास, भौतिक पूर्वधार विकास र खानेपानी वितरणको लागी छुट्याई बाँकी मुनाफा शेयर सदस्यहरुलाई वितरण गरिनेछ।

(३) उपदफा २ बमोजिम मुनाफा वितरण गर्दा शेयर सदस्यको शेयर लगानीको आधारमा औषत अंक कायम गरी सोही दरले लाभांश वितरण गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम लाभांश वितरण भएपछि शेयर सदस्यले आफ्नो शेयर बेचबिखन तथा हक हस्तान्तरण गर्न पाउनेछ।

## परिच्छेद-६

## कर्मचारी सम्वन्धी व्यवस्था

**२३. <u>प्रवन्ध निर्देशक</u>** (१) खानेपानी संस्थाको दैनिक प्रशासन संचालन तथा कार्य सम्पादन गर्न एक कार्यकारी प्रवन्ध निर्देशक पद रहनेछ । निजको नियुक्ति संचालक समितिको शिफारिसमा गाउ कार्यपालिका गर्नेछ ।

(२) सो बमोजिम व्यवस्थापकको शिफारिस गर्दा संचालक समितिले कम्तीमा तीन जनाको नाम शिफारिस गर्नु पर्नेछ ।

(३) प्रवन्ध निर्देशक खानेपानी उपभोक्ता संस्थामा पूरा समय काम गर्ने प्रशासकिय पदाधिकारी हुने छ ।

(४) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र सम्भव भएसम्म परियोजना विकास सार्वजनिक निजी साझेदारीको क्षेत्रमा अनुभव हासिल गरेको, पैतीस वर्ष उमेर पूरा भई पैसठ्ठी वर्ष उमेर ननाघेको नेपाली नागरिक प्रवन्धक पदमा नियुक्ति हुन योग्य मानिने छ ।

(५) निजको पदावधी चार बर्षको हुने छ । थप एक अवधिको लागि निजको पुनः नियुक्ति हुन सक्ने छ ।

(६) देहायका व्यक्ति प्रवन्ध निर्देशक पदमा नियुक्ति हुन योग्य हुने छैन

(क) भ्रष्टाचार, चोरी, ठगी, जालसाज मानव बेचविखन, तथा ओसार पसार जवरजस्ती करणी जस्ता नैतीक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

(ख) सहकारी संस्थाको हिसाव हिनामिना गरेको ।

(ग) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको ।

(घ) साहुको दामासाहीमा परेको ।

(ङ) पैतीस वर्ष उमेर पुरा भएको र पैसठ्ठी वर्ष उमेर नाघेको

(७) देहायको अवस्थामा प्रवन्ध निर्देशक पद रिक्त हुने छः

(क) उपदफा (६) बमोजिम अयोग्य भएमा,

(ख) निजले आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) कार्य क्षमताको अभाव, खराव आचारण वा निजको कार्य सम्पादन स्तर सन्तोष जनक नभई व्यवस्थापन समितिको शिफारिसमा अध्यक्षबाट हटाइएमा,

(घ) पदावधी पुरा भएमा,

(ङ) ६५ वर्ष उमेर पुरा भएमा,

(८) उपदफा (७) को खण्ड (ग) बमोजिम हटाउनु अघि निजलाई सफाईको मौका दिनु पर्ने छः

**२४. प्रबन्ध निर्देशकको काम कर्तव्य र अधिकारः-** (१) यस ऐनमा लेखिएका अन्य काम, कर्तव्य अधिकारका अतिरिक्त प्रवन्धकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) संचालक समितिको बैठकमा पेश गरिने प्रस्तावहरुको सूची तयार गर्ने

(ख) खानेपानी परियोजना स्वीकृतीका लागि व्यवस्थापन समिति समक्ष पेश गर्ने र आवश्यक प्रकृया अघि बढाउने

(ग) संचालक समिति तथा उपभोक्ता संस्थाको बार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि व्यवस्थापन समितिमा पेश गर्ने

(घ) खानेपानी सरसफाइ मर्मत संभार र संचालन सम्वन्धमा भएका कार्यहरुको अनुगमन समिक्षा र मूल्याङ्कन गर्ने

(ङ) संस्थाको प्रमुख भइ कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने

(च) एक घर एक धारा नीतिलाई कार्यान्वयन गर्ने

(छ) खानेपानी उपभोक्ता संस्थाको लेखापरिक्षण गराउने

(ज) सार्वजनिक निजी साझेदारी अन्तर्गत संचालित खानेपानीको व्यवस्थापकीय कार्य गर्ने

(झ) संचालक समितिले तोकेको अन्य कार्यहरु गर्ने

(२) प्रवन्ध निर्देशकको सेवा शर्त तथा सुविधा सम्बन्धी ब्यबस्था तोकिए बमोजिम हुनेछ।

**२५.संस्थाका अन्य कर्मचारी सम्वन्धी व्यवस्थाः**(१) खानेपानी संस्थालाई दिगो रुपमा व्यवस्थापन र संचालन गर्न तोकिए वमोजिमका अन्य आवश्यक कर्मचारीहरु करारमा लिई काममा लगाउन सकिने छ ।

(२) निजहरुको सेवा शर्त तथा सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) खानेपानी संस्थाले कर्मचारी प्रशासन सम्वन्धी कानुन वनाई अन्य व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद-७

## शेयर लगानी व्यवस्था

**२६. शेयर लगानी सम्वन्धमाः** (१) खानेपानीको सहज आपूर्तिको लागि संरचना निर्माण, मर्मत संभार र संचालन गर्न सार्वजनिक निजी साझेदारी नीति अन्तर्गत गाउपालिकाको एकाउन्न प्रतिशत शेयर रहने र आवश्यकता अनुसार थप रकम विनियोजन गर्न सकिनेछ ।

(२) प्रत्येक घरधुरीबाट रु. एकसय बरावरको एक शेयर मानी न्यूनतम दशहजार शेयर कायम गरी वितरण गरिनेछ

(३) उपदफा (२) बमोजिम तोकिएको शेयर संख्या वितरण गर्दा गाउपालिकाबाट बर्गिकरण गरिएको घर परिवार मध्ये अति विपन्न (घ) वर्गका घर परिवारले रु.एकहजार वरावरको खानेपानी निर्माण संभार गर्न श्रमदान दिएमा त्यस्तो घरपरिवारको श्रमलाई समेत शेयरमा रुपान्तरण गरी बाँकी नौहजार रुपैया बरावरको शेयर गाउपालिकाबाट अनुदान दिई न्यूनतम दशहजार शेयर कायम गरिनेछ । तर त्यसरी गाउपालिकाबाट अनुदान दिइएको नौहजार वरावरको शेयर त्यस्तो घर परिवारले दश वर्षसम्म विक्री, वितरण, हक हस्तान्तरण गर्न पाउने छैन ।

(४) आमचोक गाउपालिकाका कुनै नागरिकले पनि खानेपानी उपभोक्ता संस्थालाई श्रमदिई सो श्रमलाई शेयरमा रुपान्तरण गरी पाउ भनी निवेदन दिएमा सो श्रमलाई समेत शेयर कायम गरीनेछ । तर त्यस्तो व्यक्ति विशेषको श्रम दशहजार वरावरको हुनु पर्नेछ ।

(५) संघ संस्था सहकारी तथा अन्य निकायमा काम गर्ने कर्मचारी शिक्षक, गाऊपालिकामा काम गर्ने कर्मचारीले समेत दशहजार वरावरको न्यूनतम शेयर रकम खरिद गर्न सक्ने छन् ।

(६) उप दफा (४) (५) मा जुनसुकै कुरा लेखिएता पनि त्यस्ता कर्मचारीले तोकीएको शर्तमा किस्ता वन्दीरुपमा शेयर जम्मा गर्न पाउने छन् ।

(७) कुनै नागरिकले आयश्रोत खुलाई पांच लाख रुपैया देखि पन्ध्र लाखरुपैया सम्मको शेयर खरिद गर्न सक्नेछन् ।

(८) यो ऐन प्रारम्भ हुनु अघि उपभोक्ता संस्था दर्ता भई खानेपानीको सेवा प्रवाह गरि रहेका संस्था तथा खानेपानी सेवा प्रणाली यो ऐन प्रारम्भ भएपछि सार्वजानिक निजी साझेदारी व्यवस्था अन्तर्गत गाभिन सक्नेछन। यसरी गाभिने संस्थाले आय व्ययको विवरणको लेखा परिक्षण गराई आफ्नो विधान सहित तोकिएको दस्तुर तिरी निवेदन दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम निवेदन पर्न आएमा यस ऐन बमोजिम स्थापित उपभोक्ता संस्थाले त्यस्ता भौतिक संरचना उपकरणहरुको प्राविधिक मूल्यांकन गराई ह्रास कट्टी गरी बाँकी हुन आउने पुजी रकमलाई समेत शेयर कायम गरी यस ऐन बमोजिम स्थापना भएको खानेपानी संस्थाको मूल खानेपानी प्रणालीमा समायोजन गर्ने छ ।

(१०)उपदफा (८) बमोजिम गाभिइ मूल प्रणालीमा समावेश भएका संस्थाको जग्गा जमिन रहेछ भने त्यस्तो जगा जमिन यस ऐन बमोजिम स्थापित भएको उपभोक्ता संस्थालाइ विक्री वितरण हक हस्तान्तरण गरी दिन वा खानेपानी संस्थाले लिजमा लिन सक्नेछ ।

(११)यो ऐन लागू हुनु पूर्व प्रचलिन कानून बमोजिम जिल्ला जलश्रोत समितिमा वा गाउँ जलश्रोत समितिमा वा अन्य विभिन्न निकायमा दर्ता भई आएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था. समुह. समितिहरु मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम गाउपालिकाको क्षेत्राधिकार दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था समूह समितिहरुले यो ऐन लागू भए पश्चात् आफ्नो साविक विधान पेश गरी अद्यावधिक गर्नुपर्ने र त्यसरी अद्यावधिक भएपछि गाउपालिकाले यस ऐन बमोजिम स्थापना भएको खानेपानी संस्थामा सार्वजनिक निजी साझेदारको हैसियत सरह समायोजन गराउने छ। शेयर समेत सोही बमोजिम हुनेछ ।

तर, उपभोक्ताको नगद शेयर नरहेको खानेपानी उपभोक्ता संस्था वा खानेपानी योजनाहरुमा सरकारको लगानी मार्फत निर्माण भएकाहरु स्वत: सरकारको हुनेछ।

**२७. शेयर विक्रि तथा हक हस्तान्तरणः** (१) खानेपानीको पूर्वाधार निर्माण भई संचालनमा आएपछि उपभोक्ता संस्थाले लेखा परिक्षक नियुक्ति गरी संस्थाको वार्षिक आयव्ययको लेखा परिक्षण गराई बार्षिक साधारणसभाबाट पारित गराउनु पर्नेछ । बार्षिक साधारणसभाबाट पारित भई आएको खुद मुनाफा मध्ये पच्चीस प्रतिशत गाउँपालिकालाई छुट्याई वाँकी मुनाफालाई सय प्रतिशत मानी सो मध्ये पचास प्रतिशत खानेपानी बिकासमा खर्च गर्नको लागि कोषमा राखी बांकि पचास प्रतिसत शेयर सदस्यहरुलाई वितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम शेयर सदस्यहरुलाई मुनाफा वितरण गर्दा शेयर सदस्यको शेयर लगानीको आधारमा औषत अंक कायम गरी सोही दरले लाभांश वितरण गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम लाभांश वितरण भएपछि शेयर सदस्यले आफ्नो शेयर वेच विखन तथा हक हस्तान्तरण गर्न पाउने छ । तर, दफा २२को उप दफा (३) बमोजिमका शेयर सदस्यहरुलाई दश बर्ष सम्म यो अधिकार हुने छैन।

**२८. दायित्व सिमित हुनेः** यस ऐन बमोजिम स्थापित खानेपानी संस्थाको कारोवार सम्वन्धमा शेयर धनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहने छ ।

**२९. साविकमा दर्ता भएका उपभोक्ता संस्था सम्वन्धी व्यवस्थाः** (१) जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा साविकमा दर्ता रहेका गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी भित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्रमा गाउँपालिकामा हस्तान्तरण गर्नुपर्नेछ ।

(२) प्रचलित कानून बमोजिम संघीय सरकार वा प्रदेश सरकारको क्षेत्रात्रिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले गाउँपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा गाउँपालिकामा अभिलेखको रुपमा राख्नका लागि उपलब्ध गराउनु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले यो ऐन प्रारम्भ भएका मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

(४) खानेपानी तथा सरसफाइ सेवाको स्तर अभिबृद्धी र दिगो सञ्चालनका लागि कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु एक आपसमा गाभिन सक्ने छन् ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि खानेपानी उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्ने गरी अर्को खानेपानी उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) खानेपानी संस्था सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(७) खानेपानी संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

**३०. खानेपानी संस्था सुदृढिकरण तथा वर्गिकरणः** (१) खानेपानी संस्थाले खानेपानी सेवा सञ्चालन गर्दा तोकिएका निर्दिष्ट विधिहरु अवलम्बन गरी दिगो रुपमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको आन्तरीक सुसासन तथा व्यवस्थापन दक्षता बढाउनका लागि क्षमता अभिबृद्धिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसको लागि संघ तथा प्रदेश खानेपानी मन्त्रालय तथा विभागसंग आवश्यक समन्वय गरिनेछ ।

## परिच्छेद- ८

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**३१. अनुमतिपत्र लिनुपर्नेः**(१)गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम गाउँपालिका समक्ष निवेदन दिई अनुमतिपत्र लिनु पर्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्र उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिन सक्नेछ ।

**३२. अनुमतिपत्र दिनुपर्नेः** (१) दफा २७ बमोजिम परेको निवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिम अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् गाउँपालिकाले तोकेको दस्तुर बुझाएमा आवश्यक्ता र औचित्य ठहरिए अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुमति पत्रको अवधी समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाई आयोजना सञ्चालनका लागि खानेपानी संस्थालाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै व्यावसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**३३. अनुमतिपत्र प्रदान नगरिने :** (१) यस ऐन वा प्रचलित कानून बमोजिम खानेपानी संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाई सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमपित्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमति प्रदान गर्न सकिने छ ।

(३) खानेपानी संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमति प्रदान गरिने छैन ।

## परिच्छेद-९

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

**३४. खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेः** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन अनुमती प्राप्त गरेका उपभोक्ता संस्था वा सेवा प्रदायक वा अन्य कुनै संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र सार्वनजिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(४) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन गाउँपालिकाले खानेपानी संस्था वा अन्य कुनै निजी साझेदार संघ संस्थालाई आवश्यक सहयोग तथा सहजिकरण गर्न सक्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा आमचोक गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा खानेपानी संस्थाले तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निस्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ ।

**३५. संघीयसरकार वा प्रदेशबाट निर्माण भएका आयोजनाको सञ्चालन तथा व्यवस्थापनः** (१) संघीय कार्यालय वा प्रादेशिक कार्यालयबाट निर्माण भएका खानेपानी तथा सरसफाइ आयोजनाको संञ्चालन व्यवस्थापनको लागि आवश्यक सहजिकरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाले संघीय कार्यालय वा प्रादेशिक कार्यालयसंग आवश्यक समझदारी तथा संझौता गर्न सक्नेछ ।

(३) संघीय सरकार तथा प्रदेश सरकारबाट बजेट बिनियोजन भइ निर्माण भएका खानेपानी तथा सरसफाइ सम्वन्धी योजनाहरुको जिम्मेवारी वहन गर्ने तथा यस संस्था मार्फत सञ्चालन र संरक्षण गर्ने।

**३६. धारा तथा मिटर जडान :** (१) यस ऐन बमोजिम खानेपानीको धारा तथा मिटर जडान गर्नको लागि सम्बन्धित उपभोक्ताले खानेपानी संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा खानेपानी संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

**३७. ढल निकास सेवा सञ्चालन :** (१) यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निस्किएको फोहर पानीको व्यवस्थापनका लागि खानेपानी संस्थाले ढल निकास सेवा सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट खानेपानी संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ।

**३८. सेवा बन्द गर्न सक्नेः** (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी खानेपानी संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) खानेपानी संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी संस्थाले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाइने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द भएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पूनः सुचारु गरीदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा खानेपानी संस्थाले सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

**३९. निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने :** (१) खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्याक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ । त्यसरी आपसि सहमतिमा नि: शुल्क रुपमा प्राप्त गरेको जग्गालाइ पहिलो प्राथमिकता दिइनेछ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा खानेपानी संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा खानेपानी संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

**४०. घर जग्गामा प्रवेश गर्न सक्ने :** (१) यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको खानेपानी संस्थाको पदाधिकारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शंका गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गा धनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

तर त्यस्तो कार्यमा संलग्न व्याक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

**४१. सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा :** (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि खानेपानी संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा गाउँपालिका आफैले वा संघ तथा प्रदेश संग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-१०

## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

**४२. खानेपानी तथा सरसफाइ महसुल निर्धारण:** (१) खानेपानी संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल गाउँपालिका संगको परामर्शमा सन्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण भएको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) खानेपानी संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहद हित, उपभोक्ताको क्रयशक्ति, संघीय सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) गाउँपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल गाउँपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४३. महसुल तथा शुल्क लिन सक्नेः** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे वापत खानेपानी संस्थाले साधारण सभाले निर्धारण गरेबमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले गाउपालिकाले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ।

(२) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा तोकिए बमोजिम छुट तथा सहुलियत दिन सक्नेछ ।

**४४. मिनाहा वा छुट दिन सक्ने** : (१) दैवी प्रकोप वा अन्य कुनै विषम परिस्थीका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

(२) यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद- ११

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

**४५. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने :** (१) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नुपर्नेछ ।

**४६. गुणस्तर मापदण्ड तोक्न सक्ने :** (१) खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) संघिय सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र मर्मत तथा सञ्चालन सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) खानेपानी संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (५) बमोजिम  गाउँपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा खानेपानी संस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

**४७.वातावरणीय अध्ययन गर्नेः** खानेपानी तथा सरसफाइ सम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने भएमा सम्बन्धित खानेपानी संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानूनी व्यवस्थाको पालना गर्नु पर्नेछ ।

**४८. नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्डः** सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न संघीय सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४९. फोहोर पानी प्रशोधन गर्नुपर्नेः** (१) कसैले पनि संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक/निजी जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफै वा खानेपानी संस्थाले गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**५०. सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :** (१) गाउँपालिकाले खानेपानी संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ र स्वच्छतासम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ ।|

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि गाउँपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

**५१.अनुगमन तथा नियमन :** (१) गाउँपालिकाले संघीय सरकार वा प्रदेश सरकारसँगको समन्वयमा खानेपानी संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको स्तरका बारेमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२)उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले खानेपानी संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमुना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा खानेपानी संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

**५२. क्षतिपूर्ति भराई दिन सक्ने :** (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(२) कसैले खानेपानी वा सरसफाइ र स्वच्छतासम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुर्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ ।

**५३. कसुर र सजाय**: खानेपानी तथा सरसफाइ सम्बन्धी कसुरको निर्धारण र दण्ड सजाय सम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइसम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-१२

## विविध

**५४. खानेपानी तथा सरसफाइ अनुगमन तथा समन्वय समितिः** (१) गाउँपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिन र प्रभावकारिता ल्याउन, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता संस्था एवं संघ संस्था र निकायहरुसँग समन्वय कायम गर्न र खानेपानी तथा सरसफाइका विषयमा सृजना हुने स्थानीय विवाद समाधानमा सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको एक खानेपानी तथा सरसफाइ, अनुगमन तथा समन्वय समिति रहनेछ:

(क) आमचोक गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) गाउकार्यपालिकाको सिफारिसमा महिला कार्यपालिका सदस्य एक जना -सदस्य

(ग) खानेपानी संचालक समितिको सिफारिसमा खानेपानी संचालक समितिको सदस्यहरुमध्येबाट एक जना सदस्य -सदस्य

(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत अनुगमन तथा समन्वय समितिको संयोजकले तोकेको एक जना --सदस्य

(ङ) गाउँपालिकाको योजना शाखा प्रमुख -सदस्य सचिव

(२) उप दफा (१) बमोजिमका पदादिकारीहरुको कार्यावधी तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) खानेपानी तथा सरसफाइ अनुगमन तथा समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा खानेपानी तथा सरसफाइ अनुगमन र स्वच्छता विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**५५. खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनः** (१)गाउँपालिकाले खानेपानी संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरुसँग समन्वय, सहकार्य तथा परामर्श गरी संघीय सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा(१)को प्रयोजनका लागि खानेपानी संस्थाले बार्षिक कार्ययोजना बनाई गाउपालिकामा पेश गर्नेछ।

(३) आमचोक गाउँपालिकाले तर्जुमा गरेको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी योजना कार्यान्वयनका लागि खानेपानी संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नुपर्नेछ ।

(४) खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ ।

(५) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि योजनामा विशेष व्यवस्था गर्नुपर्नेछ ।

**५६. विवरण उपलब्ध गराउने:** (१) गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(क) यस ऐन बमोजिम स्थापना भएको खानेपानी तथा सरसफाइ खानेपानी संस्थाको कार्य सम्पादन र सो बाट लाभान्वीत घर धुरी र जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ग) संघिय सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिका तथा खानेपानी संस्थामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु

आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइ सम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि संघिय सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

(३) गाउँपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ ।

**५७. पुरस्कार सम्बन्धी व्यवस्थाः** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**५८. निर्देशन दिन सक्ने:** गाउँपालिकाले खानेपानी संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**५९. अधिकार प्रत्यायोजन:** (१) गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

(२) यस ऐन बमोजिम गाउँपालिकामा खानेपानी संस्था स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु गाउपालिकाको योजना शाखावाट सम्पन्न गर्न सकिनेछ ।

**६०. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने अधिकारः** (१) यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन नवन्दा सम्म कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

(३) यस ऐन वमोजिम संस्था आफैले आवश्यक कानून बनाउन सक्ने छ।

**६१. बचाउ तथा खारेजी र बाझिएमा गर्ने :** (१) गाउँपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

(३) आमचोक खानेपानी ऐन,२०७४ खारेज गरिएको छ ।

**अनुसूचिहरु**

**अनुसूची – १**

दफा १९ (४) सँग सम्बन्धित

<u>उमेद्वारको मनोनयन आवेदन फारम</u>

श्री संयोजक ज्यू,
निर्वाचन समिति,
आमचोक गाउँपालिका खानेपानी संस्था
महोदय,

यस आमचोक गाउँपालिकाको खानेपानी संस्थाको मिति ................................ गते हुने विशेस/वार्षिक साधारण सभामा शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गर्न सञ्चालक समितिको ................ पसको लागी निर्वाचनमा म प्रचलित कानून तथा ऐनमा उल्लेखित व्यवस्था वमोजिम म उमेद्वार हुन योग्य रहेकोले यो मनोनयन पत्र दाखीला गरेको छु। मेरो प्रस्तावक र समर्थक निम्न अनुसार छन्।

**उमेद्वारको विवरणः**

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं.
६. शेयरधनी परिचय (हितग्राही खाता) नं. दस्तखतः

**प्रस्तावकको विवरणः**

श्री ........................................................................ लाई शेयर सदस्यहरुको तर्फवाट प्रतिनिधित्व गर्ने सञ्चालक समितिको ................. पदको उमेद्वारको लागी म प्रस्तावक गर्दछु।

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं. प्रस्तावकको दस्तखतः
६. शेयरधनी परिचय (हितग्राही खाता) नं.

**समर्थकको विवरणः**

प्रस्तावक श्री ................................................................... ले माथी उल्लेख गरे बमोजिम शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक समितिको .................... पदको निर्वाचनको लागि श्री ................................................................... लाई उमेद्वार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु।

१. नाम, थरः उमेरः लिङ्गः
२. ठेगानाः
३. पिताको नाम र थरः
४. मतदाता नामवलीमा क्र. सं.
५. शेयर प्रमाणपत्र नं. समर्थकको दस्तखतः
६. शेयरधनी परिचय (हितग्राही खाता) नं.

<u>निर्वाचन संयोजकले भर्ने</u>

यो मनोनयन मिति ............................................................. को दिनको ..................... बजे मनोनित उमेद्वार/मनोनित उमेद्वारको वारेस श्री ................................................................. ले मेरा समक्ष दाखिला गरेको हो।

मितिः

................................
(निर्वाचन संयोजक)